सुदूरपश्चिम विश्वविद्यालय
ईन्जिनियरिङ्ग संकाय
परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय
महेन्द्रनगर, कञ्चनपुर

प.सं २०८३/०८४
सूचना नं. २६

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०८/०१

स्नातक तह B.E(Civil) तथा B.E(Computer) कार्यक्रम तेस्रो वर्ष दोस्रो खण्ड(छैटौ सेमेष्टर) परीक्षा दिने परीक्षार्थीहरुको (Online) परीक्षा आवेदन फाराम प्रविष्टि गर्ने सम्बन्धि सूचना ।

सुदूरपश्चिम विश्वविद्यालय, इन्जिनियरिङ्ग संकाय परीक्षा सञ्चालन तथा व्यवस्थापन निकाय डीनको कार्यालय, महेन्द्रनगरले बि.स. २०८३(ई.स.२०२६)सालमा सञ्चालन हुने सेमेष्टर प्रणालीमा सञ्चालित **स्नातक तह B.E(Civil) तथा B.E(Computer) कार्यक्रम तस्रो वर्ष दोस्रो खण्ड(छैटौ सेमेष्टर)** को सत्रान्त**(End Semester)** परीक्षा दिने नियमित तथा आशिंक परीक्षार्थीहरु स्वयम्ले यस कार्यालयको **Exam Portal** को लिंक https://examv2.fwu.edu.np/ मा **Login** गरी मिति २०८३/०८/१५ गते भित्र देहाय अनुसार आ-आफ्नो विवरण प्रविष्टि गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय:

१. परीक्षा आवेदन फाराम भर्दा विश्वविद्यालयको नियमावली(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिमका विषयहरु परीक्षार्थी स्वयम्ले भर्नु पर्नेछ ।

२. यस कार्यालयको **Exam Portal** को लिंक https://examv2.fwu.edu.np/ मा Click गरी **Login Page** मा जाने । **Login** गर्नको लागि **Email or Registration Number** मा आफ्नो **Registration Number** राख्ने र Password मा आफ्नो जन्म मिति(Format:YYYY/MM/DD) राख्ने । यसरी पहिलो पटक Login गरे पछि परीक्षार्थीले अनिवार्य रुपमा Password Change गर्नु पर्नेछ । यसरी Password Change गर्नको लागि Current password मा आफ्नो जन्म मिति राख्ने, New Password मा कम्तीमा 8 Characters को नयां Password राख्ने र Confirm Password मा पुनः नयां Password राखेर Update Password Button मा Click गर्ने । यसले तपाईलाई फेरि Login Page मा पुर्याउँछ । अब आफ्नो Registration Number र भर्खरै बनाएको नयाँ Password राखेर फेरि Login गर्ने ।

३. Login पश्चात आफ्नो Profile पूरा गर्ने । Dashboard को Top Right कुनामा रहेको बटनमा Click गरी My Profile मा Click गर्ने । त्यस पछि *"Complete Your Profile: 8 required field(s) missing"* लेखेको Popup आउनेछ । Exam Form भर्नका लागि Phone Number, Local Level, District, Province, Gender, Ethnicity, Profile Photo, र Student Signature अनिवार्य रुपमा भर्नु पर्नेछ । Profile Photo JPG वा PNG Format मा अधिकतम 500 KB साईज र Student Signature अधिकतम 100KB साईजको हुनु पर्नेछ । साथै Phone Number अनिवार्य राख्नु पर्नेछ ताकि Exam Form Submission र अन्य जानकारीको SMS आउन सकोस ।

४. Dashboard मा देखिएको Current Semester तपाईले हाल पठिरहेको Semester हो वा होइन Confirm गर्ने । यदि फरक Semester देखाएमा आफ्नो School/College मा सम्पर्क गर्ने ।

५. Exam Schedules मा गएर आफ्नो Exam Schedule मा Click गर्ने । Regular Student को हकमा Theory र Practical subjects हरु Pre-Selected भएर आउनेछ र तपाईले केवल verify गर्नु पर्नेछ । Partial Student को हकमा तपाईले परीक्षा दिने विषयहरु आफैले Select गर्नुपर्नेछ ।

६. परीक्षा शुल्क भुक्तानीका लागि Subject Verify गरिसके पछि Payment Method मा Khalti/eSewa/connect IPS छनौट गरि आफ्नो Payment Successful भए पछि स्वतः Exam Portal मा फर्किनेछ र तपाईको परीक्षा फाराम Submit हुनेछ । परीक्षा शुल्क प्रति सेमेष्टर स्नातक तह लाई रु १०००। लाग्नेछ र प्रयोगात्मक, परीयोजना कार्य तथा सेमिनार कार्य शुल्क प्रति सेमेष्टर स्नातक तह लाई प्रति बिषय रु २००। का दरले लाग्नेछ ।

७. सम्बन्धित Scool/College ले परीक्षा फाराम Verify गरे पश्चात परीक्षा सञ्चालन तथा व्यवस्थापन निकायले Admit Card Publish गरे पछि Dashboard को Exam Forms मा गई Admit Card Download गर्न सकिनेछ ।

.....
(उप प्रा.जनार्दन जोशी)
परीक्षा प्रमुख